# बैजनाथ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

बनकटवा, बाँके
५ नं. प्रदेश, नेपाल

प.सं. :- २०७४/०७५
च.नं. :-

मिति: २०७४/०२/२५

**एकीकृत सम्पत्ति विवरण पेश गर्नेबारे सम्पत्ति धनीहरुलाई अत्यन्त जरुरी सूचना !**

यस बैजनाथ गाउँपालिकाले हालसम्म मालपोत कर असूली आएकोमा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५ को प्रावधान अनुसार आ.व. २०७५/०७६ देखि एकीकृत सम्पत्ति कर लागु गरिने भएकाले गाउँपालिका क्षेत्रभित्र जग्गा रहेका जग्गाधनीहरुलाई आफ्नो जग्गा र सो जग्गामा बनेको संरचनाको विवरणको मुल्यांकन स्व-घोषणा गरी गाउँपालिकामा लगत कायम गराउन हुन यो सूचना प्रकाशित गरिएको छ |

सम्पत्तिको विवरण स्व-घोसणा फाराम संकलन अवधि २०७५/२/१५ देखि २०७५/२/२४ गते सम्मका लागी तोकिएकोमा सो अवधि भित्र एकीकृत सम्पत्ति विवरण फारम भर्न छुट भएका सम्पत्ति धनीहरुका लागि १५(पन्ध्र) दिन म्याद थप भएको हुँदा मिति २०७५/३/१३ गते सम्म कार्यालय समय भित्र सम्बन्धित वडा कार्यालय समक्ष फारम बुझाउन अनुरोध गरिन्छ | यस्तो विवरण जग्गाधनी आफै वा निजको संगोल परिवारका व्यक्ति वा निजको मंजुरीनामा प्राप्त व्यक्तिले मात्र बुझाउन सक्नेछन |

एकीकृत सम्पती कर मुल्यांकन समिति
बैजनाथ गाउँ कार्यपालिकाको कार्यालय
बनकटवा, बाँके